नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

# जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवा

## DISTRICT COVID-19 CRISIS MANAGEMENT CENTER, RASUWA(DCCMC)

बैठक संख्या:- ३८ (०७७/७८),
बैठक मिति:- २०७८।०३।१४ गते,
स्थान:- जिल्ला प्रशासन कार्यालय, रसुवा ।

आज मिति २०७८।०३।१४ गते प्रमुख जिल्ला अधिकारी एवं जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवाको संयोजक श्री ईश्वरी प्रसाद ढकालज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठकबसी निम्नानुसारका निर्णय गरियो ।

### उपस्थिति:

**सल्लाहकार:**

| | | |
|---|---|---|
| श्री कुल प्रसाद भट्ट | प्रमुख | जिल्ला समन्वय समिति, रसुवा |
| श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका प्रमुख |

**जिल्ला समिति:**

| | | | |
|---|---|---|---|
| श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मीना अर्याल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| श्री टिकाराम चौलागाई | सेनानी | श्री विष्णु दल गण, ब्राबल ब्यारेक, धुन्चे | सदस्य |
| श्री देवेन्द्र पाण्डे | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री लभ कुमार सापकोटा | सशस्त्र प्रहरी नायव उपरीक्षक | स.प्र.बल नेपाल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री बसन्त चालिसे | स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री भुवनराज के.सी. | कार्यालय प्रमुख | रसुवा अस्पताल, धुन्चे | सदस्य |
| श्री दुर्गा थापा के.सी. | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | सदस्य-सचिव |

**आमन्त्रित:**

| | | |
|---|---|---|
| श्री बाबुलाल तामाङ | अध्यक्ष, | नागरिक समाज, रसुवा |
| श्री सुप्साङ तमाङ | अध्यक्ष, | उद्योग वाणिज्य महासंघ, रसुवा |
| श्री संजिव अमात्य | अध्यक्ष, | रसुवा चेम्बर अफ कमर्श, रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**निर्णयहरु:**

**१. सर्वसाधारणका लागि:**

- अत्यावश्यक काम (औषधि, खाद्यबस्तु तथा अत्यावश्यक बस्तु तथा सेवा खरिद) वाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड (नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य मास्क र स्यानिटाईजरको प्रयोग) को अनिवार्य पालना गर्ने।
- बजार, मेला, महोत्सव, पार्टी, भोज भतेर लगायत भिडभाड हुने कार्य नगर्ने/नगराउने।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने।

**२. सरकारी, अर्धसरकारी, सार्वजनिक कार्यालय, बैंक तथा वित्तीय संस्था सञ्चालन सम्बन्धमा:**

- अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्दा आवश्यक कागजपत्र (अस्पतालका कागज वा अत्यावश्यक कार्य प्रमाणित हुने कागजपत्र) देखाई अनुमति प्राप्त भए पश्चात मात्र यात्रा गर्ने।
- सरकारी, अर्धसरकारी, सार्वजनिक कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा अनावश्यक भिडभाड हुन नदिने र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयले कर्मचारी खटाई काम सुचारु राख्ने व्यवस्था मिलाउने। अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालयको परिचयपत्रका आधारमा सवारी साधन चलाउन पाईने।

**३. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा:**

- खाद्यबस्तु तथा पशुपंछीका दाना, खाना पकाउने ग्यास, तरकारी, फलफूल, दुग्ध डेरीजन्य, माछा मासु, पानी, निर्माण सामग्री लगायत अत्यावश्यक पसल व्यवसायहरु बिहान ६:०० बजेदेखि ११:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि ८:०० बजे सम्म सञ्चालन गर्ने।
- औषधि एवं स्वास्थ्य सामग्रीका पसलहरु २४सैं घण्टा खुला रहने।

**४. सवारी साधन सञ्चालन सम्बन्धमा:**

- निर्माण कार्यमा प्रयोग हुने सवारी साधन,
- सीमानाकाबाट सामान ओसारपसार गर्ने सवारी साधन,
- भन्सार सम्बन्धी कार्य गर्न आउने भन्सार एजेन्टहरुले प्रयोगगर्ने सवारी साधन,
- अत्यावश्यक सामग्री एवं बस्तु आयातमा प्रयोग हुने सवारी साधन।

५. जारी निषेधाज्ञा मिति २०७८।०३।१४ गते राती १२:०० बजेसम्म मात्र भएकोले पुनः ७(सात) दिनका लागि निषेधाज्ञा निरन्तरताका लागि जिल्ला प्रशासन कार्यालय, रसुवालाई सिफारिस गर्ने निर्णय गरियो।